# आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड
## केन्द्रीय कार्यालय, बुटवल-१०, रुपन्देही

## पाँचौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण र निर्णयहरु

### १. वैधानिक सभा

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७५ पौष ४ मा बसेको संचालक समितिको ७६ औं बैठकको निर्णय अनुसार, कम्पनी ऐन २०६३ र आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को नियमावलीको परिच्छेद ३ को दफा २३ बमोजिम बोलाईएको पाँचौं वार्षिक साधारण सभा वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी तपशील बमोजिमको प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु सहित साधारण सभा समापन भयो ।

### २. सभा संचालन मिति, समय र स्थान

मिति : २०७५ साल पौष २९ गते आईतबार
समय : बिहानको ९:०० बजेदेखि ।
स्थान : एशियन होटल, कालिकानगर, बुटबल, रूपन्देही ।

### ३. पांचौं वार्षिक साधारण सभाको सुचना

वित्तीय संस्थाको पाँचौं बार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम प्रथम पटक मिति २०७५/०९/०६ र दोश्रो पटक मिति २०७५/०९/०८ गतेको राष्ट्रियस्तरको “अन्नपूर्ण पोष्ट” दैनिकमा छलफलका बिषयसुची, सभा हुने मिति, स्थान र समय सहितको सूचना प्रकाशित गरिएको थियो । साथै संचालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको आरएसडिसी लघुवित्त वित्तीय संस्थाको वार्षिक प्रतिवेदन शेयर सदस्यको ठेगानामा पठाउनुको साथै वित्तीय संस्थाको वेभसाईट www.rsdcmf.com मा समेत राखिएको थियो ।

### ४. उपस्थिति :

**४.१ संचालकको उपस्थिति :**

| | |
|---|---|
| १. श्री राजेन्द प्रसाद दाहाल | अध्यक्ष |
| २. श्री चन्द्रराज शर्मा | संचालक |
| ३. श्री शिवप्रसाद बस्याल | संचालक |
| ४. श्री हरिप्रसाद भट्टराई | संचालक |
| ५. श्री राजेन्द्र पन्त | संचालक |
| ६. अमर डंगोल महर्जन | संचालक |
| ७. डा. रमा बस्याल | संचालक |

**४.२ आमन्त्रित, पर्यवेक्षक एवं अन्य उपस्थिति**

| | |
|---|---|
| १. श्री बद्री प्रसाद प्याकुरेल | प्रतिनिधि: एनआईविएल एस क्यापिटल, काठमाण्डौ |

**४.३ व्यवस्थापन तथा अन्य कर्मचारीहरु:**

| | |
|---|---|
| १. श्री दामोदर जोशी | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| २. श्री राम प्रसाद पन्थी | का.मु. नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री अनन्त राज पन्त | सहायक प्रबन्धक |
| ४. श्री पारशमणी ज्ञवाली | सहायक प्रबन्धक |
| ५. श्री मिलन अधिकारी | लेखा अधिकृत |
| ६. श्री विन्दु न्यौपाने | कनिष्ठ अधिकृत |
| ७. श्री विवेक खनाल | कनिष्ठ अधिकृत |
| ८. श्री सुरज तिवारी | कनिष्ठ अधिकृत |
| ९. श्री दीक्षा खनाल | सहायक |
| १०. श्री रीता आचार्य | सहायक |
| ११. श्री शिवप्रसाद घिमिरे | सञ्चार बाहक |
| १२. श्री कृष्णप्रसाद श्रेष्ठ | चालक |
| १३. श्री चुनकला भण्डारी | कार्यालय सहायक |

**४.४ शेयरधनिहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| शेयरधनिको स्वयम उपस्थिति | - | १६० जना |
| प्रोक्सी मार्फत उपस्थिति | - | ७४ |
| जम्मा शेयरको प्रतिनिधित्व | - | ३१,६५,९२० कित्ता |
| उपस्थिति प्रतिशत | - | ५४.९७ |

## ५. साधारण सभामा प्रस्तुत छलफलका विषयहरु

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७४/७५ माथि छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७४/७५ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा विभिन्न अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३. २०७५/७६ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको ०.५३ प्रतिशतले हुन आउने रकम रु.३०,३१,१५८/- नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ) पारित गर्ने ।

५. संस्थापक शेयरधनी (समूह-क) को तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पूँजी रु.५७ करोड ५९ लाख २० हजारको १० प्रतिशतले हुने रु.५,७५,९२,०००/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी रु.५७ करोड ५९ लाख २० हजारबाट वृद्धि गरी अधिकृत पूँजी रु.१ अर्ब, जारी पूँजी र चुक्ता पूँजी रु.६३ करोड ३५ लाख १२ हजार पुऱ्याउने ।
३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।
४. वित्तीय संस्थाको नियमावलीको दफा ३२ र ३८ मा आवश्यक संशोधन/परिमार्जन गर्ने ।
५. प्रस्तावित संशोधनहरू गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृतपश्चात् प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधनहरु गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

**ग) विविध :**

१. स्वतन्त्र सञ्चालक नियुक्तिको जानकारी सम्बन्धमा ।

## ६. सभाको वैधानिकता र अध्यक्षता

कम्पनी ऐन २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिमको प्रकृया पुरा गरि यो सभा वोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या वांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरि कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना स्वयं वा प्रोक्सी मार्फत उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा साधारण सभामा राखिएको उपस्थिति पुस्तिका बमोजिम शेयर सदस्यको स्वयम उपस्थिति संख्या १६० जना भएको र यसले कुल ३१,६५,९१९.७१ कित्ता शेयरको प्रतिनिधित्व हुने गरि कुल शेयर संख्याको ५४.९७ प्रतिशत शेयरको प्रतिनिधित्व भई साधारण सभाको गणपुरक संख्या पुगेको साथै, प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएकोले रीतपूर्वक पाँचौं वार्षिक साधारण सभाको काम कारवाही अघि बढाउन सकिने ब्यहोरा कम्पनी सचिव श्री दामोदर जोशीले जानकारी गराउनु भयो ।

आरएसडिसी लघुवित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रवधान पुरा भएकोले वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभाको अध्यक्षता नियमानुसार संचालक समितिका अध्यक्षज्यूले गर्नुपर्ने ब्यवस्था बमोजिम कम्पनी सचिवले श्री राजेन्द्र प्रसाद दाहाललाई अध्यक्षताको आसन ग्रहण गराउनुको साथै क्रमशः सम्पुर्ण संचालक तथा अन्य उपस्थित आमन्त्रित व्यक्तिहरु र शेयरधनीहरुलाई आसन ग्रहण गराउनु भयो । अध्यक्षज्यूबाट पानसमा बत्ति वालेर साधारण सभाको उद्घाटन गर्दै विधिवतः प्रकृया शुरु गरियो ।

## ७. अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत

सम्पूर्ण उपस्थित महानुभावहरुलाई वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभामा स्वागत गर्दै कम्पनी सचिव दामोदर जोशीले संचालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अध्यक्षलाई आग्रह गर्नु भयो । संचालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले आरएसडिसी लघुवित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्दै सभाको औपचारिक कार्यक्रमको शुभारम्भ गर्नु भयो । अध्यक्षको प्रतिवेदन पश्चात कम्पनी सचिवबाट उक्त प्रतिवेदनमाथि जिज्ञासा, टिप्पणी र सुझावको लागि शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो ।

## ८. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु

शेयरधनी महानुभावहरुले टिप्पणी गर्ने क्रममा सर्वप्रथम श्री राम प्रसाद न्यौपाने (संस्थापक शेयरधनी) ले वित्तीय संस्थाको हालसम्मको प्रगती सन्तोषजनक रहेता पनि, बिगत दुई वर्षमा वित्तीय संस्थाको पूँजी ६ गुणाले बृद्धि भएकोले, आगामी दिनमा थप भएको पूँजीमा समेत वित्तीय संस्थाले उचित प्रतिफल दिनको लागि प्रभावकारी रणनीति अपनाउनुपर्ने सुझाव दिनुभयो । वित्तीय संस्थाको पूँजीबृद्धिको क्रममा जारी गरिएको हकप्रद शेयर विद्यमान शेयरधनीहरुले नै लिनको लागि उत्प्रेरित गर्ने काममा वित्तीय संस्थाले समय समयमा प्रबर्द्धकहरुलाई बोलाएर वित्तीय संस्थाको वर्तमान अवस्था तथा आगामी रणनीतिबारे जानकारी दिनुका साथै विचार विमर्श समेत गर्न सकेको भए अझ प्रभावकारी हुने सुझाव दिनुभयो । अध्यक्षको प्रतिवेदन उपर टिप्पणी गर्ने क्रममा श्री सुरज भट्टराई (सर्वसाधारण शेयरधनी) ले सबै वित्तीय विवरणहरु सर्वसाधारणले नबुझ्ने हुँदा, प्रमुख वित्तीय विवरणको संक्षिप्त ब्याख्या गर्न सके उपयोगी हुने र कर्मचारी खर्चमा उल्लेख गरिएको रकममा वोनस वापतको रकम समेत समावेस गरिएको भए उपयुक्त हुने थियो भन्ने सुझाव दिनुभयो । तत्पश्चात छलफलमा भाग लिन ईच्छुक व्यक्तिहरु वांकी नभएकोले जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सत्र अन्त्य गरियो ।

## ९. शेयरधनि महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको प्रत्युत्तर

उल्लेखित जिज्ञासा टिप्पणी तथा प्रश्नहरुको लागि शेयरधनीहरुलाई धन्यवाद दिदै अध्यक्षले शेयरधनी महानुभावहरुले दिनु भएको हौसला तथा सकरात्मक प्रतिकृयाले संस्थालाई अगाडि बढाउन थप प्रेरणा मिलेको बताउनु भयो । जिज्ञासा टिप्पणी तथा प्रश्नहरुको जवाफ दिने क्रममा अध्यक्षले वित्तीय संस्था आगामी दिनमा लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनको लागि प्रतिबद्ध रहेको तथा त्यसको लागि गत वर्ष नै पाँच वर्षे व्यवसायिक रणनीतिक योजना बनाएर लागु गरिसकेको तथा त्यसमा आवश्यकतानुसार सुधार तथा परिमार्जन गर्दै जाने जानकारी दिनुभयो । छलफलका क्रममा उठेका अन्य जिज्ञासाहरुको समाधान गर्ने क्रममा अध्यक्षको अनुमतिले कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत दामोदर जोशीले हकप्रद निष्काशनको क्रममा दुई स्थानमा संस्थापक शेयरधनीहरुको भेला वोलाई आवस्यक जानकारी दिईएको साथै व्यक्तिगत रुपमा समेत हकप्रद शेयरमा आवेदन गर्नको लागि प्रेरित गरिएको सभामा जानकारी गराउनु भयो । साथै वित्तीय संस्थाले प्रकाशित गर्ने वित्तीय विवरणको ढाँचा नियामक निकायले निर्दिष्ट गरेको हुनाले सोही अनुरुप गर्नुपर्ने बाध्यता रहेतापनि, शेयरधनीहरुलाई कुनै विवरण बुझ्न कठिनाई भएमा सो बारे थप स्पष्ट पारिने बताउनुभयो । शेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझावको प्रत्युत्तर पश्चात कम्पनी सचिवले साधारण सभाका प्रस्तावहरु क्रमशः निर्णयार्थ सभामा पेश गर्नु भयो ।

## १०. साधारण सभाको निर्णयहरु

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७४/७५ माथि छलफल गरी पारित गर्ने ।

प्रस्ताव नं. १ सभामा निर्णयार्थ प्रस्तुत हुँदा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले सभामा प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आर्थिक वर्ष २०७४/७५ को बार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष २०७४/७५ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण तथा विभिन्न अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

प्रस्ताव नं. २ सभामा निर्णयार्थ प्रस्तुत हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तसम्मको वासलात, आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाव, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. आर्थिक बर्ष २०७५/७६ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

प्रस्ताव नं. ३ सभामा निर्णयार्थ प्रस्तुत हुँदा आर्थिक बर्ष २०७५/७६ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा लेखापरीक्षण समितिको सिफारिश सहितको प्रस्ताव सभामा प्रस्तुत गरिएकोमा सभाबाट श्री यज्ञ एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री यज्ञराज भट्टलाई रु.१,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार रुपैयाँ मात्र) कर वाहेक पारिश्रमिक प्रदान गर्ने गरी आर्थिक वर्ष २०७५/७६ का लागि लेखापरीक्षकमा नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको ०.५३ प्रतिशतले हुन आउने रकम रु.३०,३१,१५८/- (अक्षरेपी तिस लाख एकतिस हजार एक सय अन्ठाउन्न रुपैयाँ मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ) पारित गर्ने ।

प्रस्ताव नं. ४ सभामा निर्णयार्थ प्रस्तुत हुँदा सञ्चालक समितिबाट प्रस्ताव गरिएको ०.५३ प्रतिशतले हुन आउने रकम रु.३०,३१,१५८/- (अक्षरेपी तिस लाख एकतिस हजार एक सय अन्ठाउन्न रुपैयाँ मात्र )नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ) पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. संस्थापक शेयरधनी (समूह-क) को तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

प्रस्ताव नं. ५ को संस्थापक शेयरधनी (समुह-क) बाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरु निर्वाचिन गर्न वित्तीय संस्थाको संचालक निर्वाचन निर्देशिकाको २०७१ दफा ३ मा व्यवस्था भए बमोजिम मिति २०७५ पौष ४ गतेको संचालक समितिको ७६औं वैठकको निर्णयबाट नियुक्त हुनु भएका निर्वाचन अधिकृत अधिवक्ता श्री शेष नारायण भण्डारीलाई निर्वाचित संचालकहरुको घोषणा गर्न कम्पनी सचिवले समय प्रदान गर्नु भयो । निर्वाचन अधिकृत श्री शेषनारायण भण्डारीले पुर्व प्रकाशित निर्वाचन कार्यक्रम अनुसार जम्मा ५ जनाले उम्मेदवारी दर्ता गराएको तथा तोकिएको समयमा नियमानुसार १ जनाले उम्मेदवारी फिर्ता लिएकोले ग्रामिण स्वावलम्बन विकास केन्द्रका तर्फवाट श्री राजेन्द्र प्रसाद दाहाल, बैंक अफ काठमाण्डौं लि. का तर्फवाट श्री चन्द्रराज शर्मा तथा व्यक्तीगत लगानीकर्ताका तर्फवाट श्री विष्णु प्रसाद पौड्याल र श्री हरि प्रसाद भट्टराई संस्थापक शेयरधनी समुहबाट ४ वर्ष अवधिका लागि निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

**ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पूँजी रु.५७ करोड ५९ लाख २० हजारको १० प्रतिशतले हुने रु.५,७५,९२,०००/-( अक्षरेपी पाँच करोड पचहत्तर लाख बयानब्बे हजार रुपैयाँ मात्र ) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. १ सभामा निर्णयार्थ प्रस्तुत हुँदा संचालक समितिले प्रस्ताव गरे अनुरुप चुक्ता पूँजी रु.५७ करोड ५९ लाख २० हजारको १० प्रतिशतले हुने रु.५,७५,९२,०००/-( अक्षरेपी पाँच करोड पचहत्तर लाख बयानब्बे हजार रुपैयाँ मात्र) बोनस शेयर वितरण गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

२. वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी रु.५७ करोड ५९ लाख २० हजारबाट वृद्धि गरी अधिकृत पूँजी रु.१ अर्ब, जारी पूँजी र चुक्ता पूँजी रु.६३ करोड ३५ लाख १२ हजार पुऱ्याउने ।

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. २ सभामा निर्णयार्थ प्रस्तुत हुँदा संचालक समितिले प्रस्ताव गरे अनुरुप वित्तीय संस्थाको वर्तमान अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी रु.५७ करोड ५९ लाख २० हजारबाट वृद्धि गरी अधिकृत पूँजी रु.१ अर्ब, जारी पूँजी र चुक्ता पूँजी रु.६३ करोड ३५ लाख १२ हजार पुऱ्याउने सर्वसम्मत निर्णय गरियो ।

३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. ३ सभामा निर्णयार्थ प्रस्तुत हुँदा वित्तीय संस्थाको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन/परिमार्जन गर्ने सर्वसम्मत निर्णय गरियो ।
**दफा ६ (क)** वित्तीय संस्थाको अधिकृत पूँजी रु. १,००,००,००,०००/– ( अक्षरेपी एक अरब रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
**दफा ६ (ख)** वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. ६३,३५,१२,०००।– (अक्षरेपी त्रिसठ्ठी करोड पैतिस लाख बाह्र हजार रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ६३,३५,१२० (त्रिसठ्ठी लाख पैतिस हजार एक सय बिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
**दफा ६ (ग)** वित्तीय संस्थाको चुक्ता पूँजी रु.६३,३५,१२,०००।– (अक्षरेपी त्रिसठ्ठी करोड पैतिस लाख बाह्र हजार रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ६३,३५,१२० (त्रिसठ्ठी लाख पैतिस हजार एक सय बिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

४.वित्तीय संस्थाको नियमावलीको दफा ३२ र ३८ मा आवस्यक संशोधन/परिमार्जन गर्ने ।

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. ४ सभामा निर्णयार्थ प्रस्तुत हुँदा वित्तीय संस्थाको नियमावलीमा निम्न अनुसार संशोधन/परिमार्जन गर्ने सर्वसम्मत निर्णय गरियो ।
**दफा ३२ (१-ख)** सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत पाउने प्रति बैंठक भत्ता अध्यक्षले रु.५,०००।- (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र) र अन्य संचालकले रु.४,५००।- (चार हजार पाँच सय रुपैयाँ मात्र) हुनेछ ।
**दफा ३२ (१-ग/अ)** स्वदेशमा दैनिक भत्ता रु.५,०००।- (पाँच हजार रुपैयाँ मात्र) हुनेछ ।
**दफा ३२ (१-ग/आ)** भारतमा दैनिक भत्ता भा.रु. ३,०००।- (भा.रु. तिन हजार मात्र) हुनेछ ।
**दफा ३२ (१-ग/इ)** भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००।- (एक सय अमेरिकी डलर मात्र) हुनेछ ।
**दफा ३८ (८)** वित्तीय संस्थाको सञ्चालक समितिले, सञ्चालक लगायत अन्य समितिको बैठक र साधारण सभा सञ्चालन सम्बन्धि कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

५. प्रस्तावित संशोधनहरु गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृत पश्चात प्रबन्धपत्र तथा नियमावलीमा आवस्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. ५ सभामा निर्णयार्थ प्रस्तुत हुँदा साधारण सभाबाट पारित प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायबाट प्राप्त निर्देशनलाई समेत समावेश गरेर संशोधित प्रबन्धपत्र तथा नियमावलीलाई अन्तिम रुप दिन र साधारण सभाका निर्णय कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

**ग) विविध :**

१. स्वतन्त्र सञ्चालक नियुक्तिको जानकारी सम्वन्धमा ।

विविध प्रस्ताव अन्तरगत प्रस्ताव न. १ सभामा निर्णयार्थ प्रस्तुत हुँदा यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७५ असोज २७ गते बसेको संचालक समितिको ७४औं बैठकले काठमाण्डौ निवासी डा. रमा बस्याललाई स्वतन्त्र सञ्चालकका रुपमा नियुक्ती गरेको विषय यस वार्षिक साधारण सभाले जानकारीमा लियो ।

## ११. धन्यवाद ज्ञापन तथा पाँचौं वार्षिक साधारणसभाको समापन

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले अध्यक्षज्यूले वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, विभिन्न नियमनकारी निकायहरु, लेखापरीक्षक, बैंक तथा वित्तीय संस्थाहरु, व्यवस्थापन तथा कर्मचारीहरु, सञ्चार जगत लगायतलाई धन्यवाद ज्ञापन गर्नु भयो र औपचारिक रुपमा पाँचौं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

दामोदर जोशी
कम्पनी सचिव

राजेन्द्र प्रसाद दाहाल
अध्यक्ष